October $8^{th}$, 2025

Wednesday

National News

<u>प्रमुख समाचार</u>

१. प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा आज नवी मुम्बई अन्तर्राष्ट्रिय विमानस्थलको पहिलो चरणको उद्घाटन

२. देशमा डिजिटल कनेक्टिभिटी सबैको जीवनको अभिन्न अंग बनेको प्रधानमन्त्री नरेन्द्र मोदीको भनाइ

३. बिहार विधानसभा चुनाव अघि सिट बाँडफाँडलाई लिएर एनडीए र महागठबन्धन घटकहरू बीच गतिरोध जारी

४. भारतीय वायु सेनाले आज आफ्नो ९३ औं स्थापना दिवस मनाउँदै

५. कोलम्बोमा, महिला एकदिवसीय क्रिकेट विश्वकपमा पाकिस्तान र अष्ट्रेलियाको भिड्दै

## 1. Mumbai – PM Visit

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नवी मुम्बई अन्तर्राष्ट्रिय विमानस्थलको पहिलो चरणको उद्घाटन गर्नुभयो। यो भारतको उड्डयन पूर्वाधारमा एक महत्वपूर्ण कोशेढुङ्गा हुनेछ। ₹१९,६५० करोडको लागतमा निर्मित यो विमानस्थल डिसेम्बर २०२५ सम्ममा व्यावसायिक सञ्चालन सुरु हुने अपेक्षा गरिएको छ। यससँगै, मुम्बई लन्डन, न्यूयोर्क र टोकियो जस्ता विश्वव्यापी शहरहरूको श्रेणीमा सामेल भएको छ जहाँ धेरै अन्तर्राष्ट्रिय विमानस्थलहरू छन्। औपचारिक उद्घाटन अघि, प्रधानमन्त्रीले यसको उन्नत डिजाइन र यात्रु सुविधाहरूको निरीक्षण गर्नुभयो।

प्रधानमन्त्रीले वर्लीको आचार्य अत्रे चौकदेखि कफ परेडसम्म मुम्बई मेट्रो लाइन सहित धेरै अन्य पूर्वाधार परियोजनाहरूको पनि उद्घाटन गर्नुभयो।

यसैबीच, बेलायती प्रधानमन्त्री सर केयर स्टारमर भारतको आफ्नो पहिलो आधिकारिक भ्रमणमा आज बिहान मुम्बई आइपुग्नुभयो। उहाँलाई महाराष्ट्र र गुजरातका राज्यपाल आचार्य देवव्रत र महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीस, साथै उपमुख्यमन्त्री अजित पवार र एकनाथ शिन्देले स्वागत गर्नुभयो। यस भ्रमणको क्रममा, श्री मोदी र श्री केयर द्विपक्षीय छलफलमा संलग्न हुनु हुनेछ। भोलि, प्रधानमन्त्री मोदी र बेलायतका प्रधानमन्त्री केयर स्टारमरले मुम्बईको जियो वर्ल्ड सेन्टरमा आयोजना हुने ग्लोबल फिनटेक फेस्टको छैटौं संस्करणमा भाग लिनु हुनेछ हुनेछ।

## 2. PM - Yashobhoomi

यसअघि प्रधानमन्त्री नरेन्द्र मोदीले देशमा डिजिटल कनेक्टिभिटी अब विलासिता नभएको बरु सबैको जीवनको अभिन्न अंग बनेको बताउनुभएको छ। श्री मोदीले आज नयाँ दिल्लीको यशोभूमिमा एसियाको सबैभन्दा ठूलो दूरसञ्चार, मिडिया र प्रविधि कार्यक्रम, इन्डिया मोबाइल कांग्रेस २०२५ को नवौं संस्करणको उद्घाटन गर्दै यस्तो भन्नुभएको को हो। देशको डिजिटल सार्वजनिक पूर्वाधारको सफलतालाई प्रकाश पार्दै श्री मोदीले भन्नुभयो, यो लगानी, नवीनता र मेक इन इन्डियाको लागि उत्तम समय हो। यस अवसरमा सञ्चार मन्त्री ज्योतिरादित्य सिन्धियाले भारत अब विश्वको डिजिटल ध्वजवाहक बनेको उल्लेख गर्नुभयो।

## 3. Gadkari – Haryana

सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीले आज सोनीपतको गन्नौरस्थित गुजरान गाउँमा रहेको दिल्ली इन्टरनेशनल कार्गो टर्मिनल प्राइभेट लिमिटेडमा देशको पहिलो व्यावसायिक विद्युतीय ट्रक ब्याट्री स्वापिङ र चार्जिङ स्टेशनको उद्घाटन गर्नुभयो। उहाँले किसानहरूलाई पराल जलाउनुको सट्टा इन्धन उत्पादनको लागि प्रयोग गर्न आग्रह गर्नुभयो।

## 4. Mansukh – ISSA

भारतलाई अन्तर्राष्ट्रिय सामाजिक सुरक्षा संघले सामाजिक सुरक्षामा उत्कृष्ट उपलब्धि पुरस्कार २०२५ प्रदान गरेको छ। श्रम तथा रोजगार मन्त्री मनसुख मण्डावियाले नयाँ दिल्लीमा यो घोषणा गर्नुभएको हो। श्री मण्डावियाले प्रधानमन्त्री मोदीको नेतृत्वमा सामाजिक सुरक्षा कभरेज ६४ प्रतिशत पुगेको बताउनुभयो। उहाँले भारतको सामाजिक सुरक्षा क्षेत्रले राम्रो प्रदर्शन गरिरहेको र विगत एक दशकमा यस क्षेत्रमा उल्लेखनीय प्रगति भएको पनि बताउनुभयो।

## 5. Bihar Election

बिहार विधानसभा चुनावको लागि एनडीए र महागठबन्धन घटकहरू बीच सिट बाँडफाँडको गतिरोध जारी छ। लोक जनशक्ति पार्टी-रामविलास पासवानको सिटको माग पछि, प्रत्येक घटक पार्टीले कति सिट लड्नेछ भन्ने बारेमा एनडीए भित्र अनिश्चितता कायम छ। पटनामा पत्रकारहरूसँग कुरा गर्दै लोक जनशक्ति पार्टी (आर) का अध्यक्ष तथा केन्द्रीय मन्त्री चिराग पासवानले भन्नुभयो

## 6. Election – Postal Ballot

निर्वाचन आयोगले बिहार विधानसभा चुनावमा वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति र सेवाग्राही मतदाताहरूलाई हुलाकी मतदान मार्फत मतदान गर्न सहज बनाउनेछ। आयोगले ८५ वर्षभन्दा माथिका मतदाता र सामान्य अपाङ्गता भएका मतदाताहरूले हुलाकी मतदान मार्फत मतदान गर्न सक्ने सूचना दिएको छ।

## 7. Indian Air Force – 93rd Years

भारतीय वायुसेना आज आफ्नो ९३ औं स्थापना दिवस मनाउँदैछ। भारतीय वायुसेना विश्वको सबैभन्दा ठूलो वायुसेना मध्ये एक हो। यस अवसरमा राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी र गृहमन्त्री अमित शाहले बहादुर वायुसेना योद्धाहरू र उनीहरूका परिवारहरूलाई शुभकामना व्यक्त गर्नुभयो। सामाजिक सञ्जाल पोस्टमा राष्ट्रपतिले वायुसेनालाई यसको अनुकरणीय साहस, प्रतिबद्धता र राष्ट्रप्रतिको उत्कृष्ट सेवाको प्रशंसा गर्नुभयो। उपराष्ट्रपति सी.पी. राधाकृष्णनले सामाजिक सञ्जाल पोस्टमा भन्नुभएको छ, अपरेशन सिन्दूर र अन्य धेरै सफल सैन्य अपरेशनहरू वायुसेनाको अमूल्य योगदानको प्रमाण हुन्। प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो सामाजिक सञ्जाल पोस्टमा वायुसेनालाई वीरता, अनुशासन र सटीकताको प्रतीकको रूपमा वर्णन गर्नुभयो। वायुसेना प्रमुख, एयर चीफ मार्शल अमर प्रीत सिंहले भारतीय वायुसेनाले अपरेशन सिन्दूरको समयमा अदम्य साहस र वीरता प्रदर्शन गरेको चर्चा गर्नुभयो । वायुसेना प्रमुख वायुसेना दिवस मनाउन गाजियाबादको हिन्डन एयर बेसमा आयोजित एक समारोहमा बोल्दै हुनुहुन्थ्यो।

## 8. Chemistry – Nobel Prize

यस वर्षको रसायनशास्त्रमा नोबेल पुरस्कार संयुक्त राज्य अमेरिका, जापान र अष्ट्रेलियाका तीन वैज्ञानिकहरूलाई धातु-जैविक संरचनाहरूको विकासमा उहाँहरूको कामको लागि प्रदान गरिने भएको छ। विजेताहरूमा जापानको क्योटो विश्वविद्यालयका प्राध्यापक सुसुमु किटागावा, अष्ट्रेलियाको मेलबर्न विश्वविद्यालयका प्राध्यापक रिचर्ड रोबसन र संयुक्त राज्य अमेरिकाको बर्कलेस्थित क्यालिफोर्निया विश्वविद्यालयका प्राध्यापक ओमर एम. याघी हुनुहुन्छ। ११ करोड स्विडिश क्रोनरको पुरस्कार रकम तीन विजेताहरूमा बाँडिनेछ।

## 9. J & K – Vaishno Devi

जम्मू कश्मीरमा खराब मौसमका कारण लगातार तीन दिनसम्म स्थगित भएको श्री माता वैष्णो देवी यात्रा पुनः सुरु भएको छ। तीर्थयात्रीहरूलाई तीर्थस्थलतर्फ जान अनुमति दिइएको तीर्थयात्री बोर्डका अधिकारीहरूले बताएका छन्।

## 10. Sports News

आज आईसीसी महिला एकदिवसीय क्रिकेट विश्वकपमा पाकिस्तान र अष्ट्रेलियाबीच आज कोलम्बोमा भिडन्त भइरहेको छ।